नि. डिभिजनल वन अधिकृत

प्रदेश सरकार उद्योग तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय कपिलवस्तु तौलिहवा

अनुसूची- १५

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०८/०१ गते ।

श्री अमृते सामुदायिक वन उपभोक्ता समूह, वाणगंगा न. पा.-९, भर्तापुर, कपिलवस्तुको वन क्षेत्र बाट डिभिजन वन कार्यालय, कपिलवस्तुको संकलन सहमति अनुसार आ.व. २०८१/०८२ मा थिनिङ कटानबाट उत्पादित मध्ये सा.व.उ.स.को घाटगद्दीमा विभिन्न लटहरु बनाई राखिएको अन्य जातको काठ दाउरा थान ३२२ को क्यु.फिट १२२४ दाउरा चार चट्टा र आ.व २०८१/०८२ मा पर्नउत्पादन कटानबाट संकलित वन पैदावार आपुर्ति समितिबाट फिर्ता साल जातको काठ थान ७९० को क्यु.फिट. ४६१९.६६ काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि प्रत्यक लटको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

अनुरोधक

**श्री अमृते सामुदायिक वन उपभोक्ता समुह**
**बाणगंगा ९ कपिलवस्तु ।**